# दुगडलाई कार्वाही गर्न उजुरी

♦ हाम्रोमत संवाददाता

*विराटनगर, २७ साउन*



उद्योगी एवं पूर्व राज्यमन्त्री मोतीलाल दुगडलाई कारबाही माग गर्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा उजुरी परेको छ।

तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीका प्रमुख आर्थिक सल्लाहकार रहेका दुगढ सञ्चालक रहेको कम्पनीले नेपाली बजारमा नुनको अवैध कारावार गरेको भन्दै राष्ट्रिय उपभोक्ता मञ्चले उजुरी दिएको हो।

नेपालमा नुन बिक्रीको लागि अनुमति नपाएको दुगडको कम्पनी दुगड स्पाइसेस एण्ड फुड प्रोडक्टस मोरङले सेञ्चुरी स्प्रींकल टेवल साल्टका नाममा आयोडिनयुक्त नून बिक्री गरिरहेको छ। यसअघि पनि मञ्चले त्यसबारे उजुरी दिएकोमा कुनै सुनुवाई भएको थिएन।

दुगढको कम्पनीले एक सय ग्राम नुनलाई ३५ रुपैयाँमा बिक्री गरिरहेको छ। खाद्य गुणस्तर नियन्त्रण कार्यालयबाट अनुमति नलिई नून उत्पादन गरेर बजार पठाइएको पनि मञ्चको दाबी छ।

नेपालमा आयोडिनयुक्त नूनको उत्पादन, भण्डारण तथा बिक्रि बितरणको लागि सरकारले साल्ट ट्रेडिङ कर्पोरेशनलाई मात्रै अधिकार दिएकोछ। तर, तत्कालिन उद्योग, बाणिज्य तथा आपूर्ति राज्यमन्त्री दुगडले प्रचलित नियम कानूनको उल्लंघन गर्दै उत्पादन बजारमा पठाएका थिए।

अवैध नूनबारे गत वर्ष असोजमा तत्कालिन प्रधानमन्त्रीलाई जानकारी गराएपनि ११ महिनासम्म कुनै कारबाही नभएएकोले पुनः सरकारको ध्यानाकर्षण गराएको मञ्चले जनाएको छ। दुगडको व्यवसायलाई साथ दिएर कारबाही नगर्ने खाद्य प्रविधि तथा गुण नियन्त्रण बिभागका अधिकारीलाई पनि उजुरीमा कारबाही माग गरिएको छ।

# कोशीटप्पुको जमिन ठेक्कामा दिनु गलत छैनः मन्त्री कुशियैत

♦ हाम्रोमत संवाददाता

*विराटनगर, २७ साउन*

प्रदेश १ का उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री जगदिशप्रसाद कुशियैतले कानून बमोजिम नै संघीय सरकारले कोशी टप्पु क्षेत्रको नदी उकास जमीन व्यवसायिक प्रयोजनका लागि कबुलियत बनलाई हस्तान्तरण भएको बताएका छन्।

मन्त्री कुशियैतले प्रदेशसभामा उठेका प्रश्नहरुको जवाफ दिने क्रममा राष्ट्रिय वन क्षेत्रको कुनै भाग व्यवसायिक प्रयोजनका लागि कबुलियत वनको रुपमा दिन सकिने कानूनी व्यवस्था बमोजिम बेलकाको १७६ हेक्टर जमीन ३० वर्षका लागि दुई वटा कम्पनीलाई दिएको बताएका हुन्।


ललितपुरको एउटा टेक्नोलोजी कम्पनीलाई १२५ हेक्टर र श्री बराहा हर्वल एग्रो प्रा.ली.लाई ५१.२३ हेक्टर वन क्षेत्र दिने निर्णय संघीय सरकारले गरेको कुसियतले जानकारी दिए। कोशी टप्पुको उकास जमिनमा सयौं परिवार भूमिहीन सुकुम्बासीहरु बसोबास गरिरहेको हुँदा त्यसलाई व्यवस्थित नगरी सरकारले निजी क्षेत्रलाई राष्ट्रिय वन क्षेत्र ठेक्का लगाउनु गलत भएको भन्दै विरोध भएको थियो।

मन्त्री कुशियतले राष्ट्रिय वन क्षेत्र कबुलियत वनलाई ठेक्का लगाउँदा त्यस क्षेत्रमा बसोबास गरेका भूमिहीन सुकुम्बासी बस्ती प्रभावित नहुने दावी गरे। उनले कबुलियत वनलाई ठेक्का लगाउने विषय उठेपछि सरकारले छानविन गरेको र संघीय सरकारले यस विषयमा सुझाव दिइने बताए।

संवेदनशील जैविकघाँटी भएको त्यसको संरक्षण गर्नुपर्नेमा मन्त्रीले त्यहाँको बस्ती क्षेत्र प्रभावित नहुने भन्दै संघीय सरकारको निर्णयमै घुमाउरो ढंगले समर्थन जनाएका थिए। जवाफकै क्रममा मन्त्री कुशियैतले सरकारले चुरे क्षेत्रमा अवैध उत्खनन गर्ने कुनै योजना नबनाएको भन्दै नदीजन्य वस्तुको उत्खनन् र त्यसको स्वीकृति दिँदा वन क्षेत्र बाहेकको क्षेत्रमा मात्र दिने गरेको स्पष्ट पार्दै वन क्षेत्रबाट कुनै उत्खनन् नहुने बताए।

ग्रामीण पर्यटन र होमस्टेका सन्दर्भमा सरकारले विभिन्न कार्यक्रमहरुमार्फत काम गरिरहेको भन्दै मन्त्री कुसियतले मुन्धुम ट्रेलको विकास र विस्तारका लागि विस्तृत परियोजना प्रतिवेदन तयार पार्ने क्रममा छुटेका क्षेत्रहरु समावेश गर्ने आश्वासन दिएका थिए। पर्वतारोहण संघीय सरकारको मातहतमा हुने भएकोले पर्वतीय प्रशीक्षण केन्द्र प्रदेश मातहतमा ल्याउन नसकिने जवाफ दिए।

## सर्ट कमेन्ट



■ पुण्य पी अधिकारी

# कुलमानलाई शुभकामना...

दैनिक १८ घण्टादेखि २२ घण्टासम्मको लोडसेडिङ खेपेका नेपाल विद्युत प्राधिकरणका उपभोक्ताहरू २०७७ भदौ २९ गतेदेखि एकाएक सडकमा उत्रिएर तत्कालीन सरकारविरूद्ध नाराबाजी गर्दै नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशकमा कुलमान घिसिङलाई ल्याउन माग गरे। तत्कालीन सरकारले कुलमानलाई नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशकमा पुनःनियुक्ति गर्न माग गर्दै कुलमानका पक्षमा नाराबाजी गर्दै स्वतस्फूर्त रूपमा सडकमा आएका उपभोक्ताका मागलाई सम्बोधन गर्न आश्वासन दिनुको सट्टा तत्कालीन सरकारले दमकल प्रयोग गरी पानीको फोहोराले कुलमानका पक्षमा बोल्नेहरूलाई निथ्रुक्क पार्‍यो। तर, उचित मागलाई सम्बोधन गर्न चासो देखाएन।

कुलमानको पक्षमा सङ्घीय राजधानीसहित मुलुकका मुख्य शहरहरूमा स्वतस्फूर्त रूपमा बहस र नाराबाजी हुन थालेपछि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ ले गरे भने बमोजिम कानुनी प्रक्रिया र प्रतिस्पर्धाले कुलमानलाई पुनःनियुक्ति गर्न नमिल्ने बताए। जसले गर्दा २०७७ भदौ २९ गते कुलमानको चार वर्षे कार्यकाल समाप्त भएको भयो। अधिकांश नागरिकको माग भएपनि नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशकमा पुनः कुलमान घिसिङलाई नियुक्तिको बाटो ओली सरकारले बन्द गरिदियो।

२०७३ भदौमा नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशकका रूपमा नियुक्त भएका कुलमान घिसिङ शेरबहादुर देउवा नेतृत्वको सरकारको २०७८ साउन २५ गतेको मन्त्रीपरिषद् बैठकको निर्णय अनुसार साउन २५ गतेदेखि पुनः नेपाल विद्युत प्राधिकरणको निर्देशकमा नियुक्त भएका छन्। साउन २७ गते उर्जा मन्त्रालयले घिसिङलाई नियुक्तिको पत्र दिएपछि नेपाल विद्युत प्राधिकरणको बागडोर पुनः घिसिङले सम्हालेका छन्। यो खबर आम नेपालीका लागि सुखद् हो।

२०७३ भदौमा नेपाल विद्युत प्राधिकरणमा कार्यकारी निर्देशकका रूपमा नियुक्त भएका कुलमान घिसिङले विद्युत प्राधिकरणको नेतृत्व सम्हालेकै वर्ष २०७३ कार्तिक २९ गते (लक्ष्मीपूजा) का दिनदेखि नेपालमा लोडसेडिङको अन्त्य गरे। कार्तिक २९ गते काठमाडौंसहित मुख्य शहरहरूमा अघिल्लो वर्षको लक्ष्मीपूजाको दिन जस्तो झ्याप्पझ्याप्प लाइन गएन। बरू एकनासले विद्युत प्रवाह भइरह्यो। त्यसले तत्कालीन अवस्थामा सबैलाई अच्चम्मित तुल्यायो। दैनिक १८ देखि २२ घण्टासम्म लोडसेडिङ खेपेका उपभोक्ताहरूलाई विद्युतको सबैभन्दा बढी माग हुने लक्ष्मीपूजाका दिन एकनासले विद्युत प्रवाह हुँदा अचम्म लाग्नु स्वाभिकै थियो। विद्युत गएर अभ्यस्त भएकाहरूलाई एकनासले विद्युत प्रवाह हुँदा छक्क लाग्नुमा कुनै विमति नै थिएन।

नेपाल विद्युत प्राधिकरणको चार वर्षे नेतृत्व सम्हालेका कुलमान घिसिङले लोडसेडिङको अन्त्यसँगै आम उपभोक्ताको मन जित्न सफल भए। तर, कुलमानको नियुक्तिको समयअवधि सकिएसँगै तत्कालीन सरकारले २०७७ कात्तिकमा नेपाल विद्युत प्राधिकरणको निमित्त कार्यकारी निर्देशकका रूपमा हितेन्द्रदेव शाक्यलाई नियुक्ति गर्‍यो। माघ २७ गते तत्कालीन सरकारले उनैलाई कार्यकारी निर्देशक नियुक्ति गरेपछि नेपाल विद्युत प्राधिकरणमा पुनः पुरानै रोग देखिन थाल्यो। लोडसेडिङबाट मुक्त भएका उपभोक्ताहरूले पुनः प्राधिकरणको वितरण केन्द्रमा फोन लगाउनुपर्ने अवस्था आउन थाल्यो। फोनल गाउनेहरूको प्रश्न एउटै छ, नेपाल लोडसेडिङमुक्त भएको होइन ? लाइन त झ्याप्पझ्याप्प जान्छ त ? फेरि लोडसेडिङ सुरु भएको हो ?

नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशकमा नियुक्ति भएपछि कुलमान घिसिङले लोडसेडिङ मात्र हटाएनन्, अन्तरदेशीय प्रसारण लाइनदेखि मुलुकभित्रका स-साना जलविद्युत आयोजनाहरूलाई उच्च प्राथमिकतामा राखे। विद्युत चुहावटलाई नियन्त्रण गरी नियमित विद्युत



**नेपाल विद्युत प्राधिकरणको चार वर्षे नेतृत्व सम्हालेका कुलमान घिसिङले लोडसेडिङको अन्त्यसँगै आम उपभोक्ताको मन जित्न सफल भए।**

प्रवाहलाई प्राधिकरण उकास्ने मुख्य मार्गचित्र बनाए। जसका कारण विद्युत प्राधिकरण अर्बौंको सञ्चित ऋण चुक्ता गरी नाफा कमाउने सार्वजनिक संस्थानका रूपमा उभियो। सोही कुराले अध्यारोमा व्यापार गर्नेहरूलाई कुलमानको प्राधिकरणमा पुनःनियुक्तिका लागि विद्युत ऐन, २०४१ को दफा १७ ले रोक्यो।

वर्तमान प्रधानमन्त्री र उर्जामन्त्रीको सकारात्मक पहलमा उज्यालो नेपाल अभियानका अभियान्ता कुलमान घिसिङ पुनः प्राधिकरणको निर्देशकमा नियुक्त भएका छन्। अघिल्लो कार्यकालमा लोडसेडिङमुक्त गरी विद्युत प्राधिकरणका आम उपभोक्ताको मन मुटुमा बसेका कुलमानले पुनः प्राधिकरणको हितमा र नेपाली उपभोक्ताको पक्षमा कार्य गरून्।

विद्युत सेवा नियमनका लागि २०७६ वैशाख २३ मा गठन भएको नेपाल विद्युत प्राधिकरणको हितका पक्षमा गठन भएको एउटा अङ्गलाई अक्षरश कार्यान्वयनमा ल्याई नेपाली जनताको निराशालाई कुलमान घिसिङले पुनः आशामा रूपान्तरण गर्न सफल हुन्। शुभकामना........

# मेची अस्पतालमा विशेषज्ञ अभाव

विर्तामोड, २७ साउन (हाम्रोमत)- सरकारले दरबन्दी अनुसारका चिकित्सक व्यवस्थापनमा देखाएको उदासीनताका कारण झापाको भद्रपुरस्थित मेची प्रादेशिक अस्पतालको उपचार नै प्रभावित भएको छ।

पर्याप्त जनशक्ति नहुँदा अस्पतालले उपचारका लागि भर्ना भएका बिरामीलाई अपेक्षाकृत सेवा दिन नसकिरहेको र अस्पताल 'रेफरल सेन्टर' का रुपमा मात्रै सीमित बन्न पुगेको चिकित्सकहरु बताउँछन्।

दरवन्दी अनुसारका विशेषज्ञ अस्पतालमा नभएकोले उपचारमा समस्या भएको अस्पतालका मेडिकल सुपरीटेण्डेन्ट डा.टंक बाराकोटीले बताए। २०३३ सालमा निर्माण भएको मेची अस्पताल पूर्वी नेपालको पुरानो सरकारी स्वास्थ्य प्रतिष्ठान हो। अस्पतालमा ताप्लेजुङ, पाँचथर र इलामसम्मका विरामी आउने गरेका छन्।

अस्पतालमा दैनिक आउने बिरामीको संख्या तीन सय हाराहारीमा छ। जनशक्ति व्यवस्थापन र परिचालनमा देखिएको नीतिगत कमजोरीले मेची अस्पताल विशेषज्ञविहीन भएको डाक्टर बाराकोटीले बताए। अस्पतालमा ६ जना मेडिकल अफिसरको दरबन्दी भएपनि एकजना मात्रै कार्यरत छन्। १८ जना विशेषज्ञ डाक्टरको दरबन्दीमा ६ जना मात्रै उपलब्ध छन्।

अस्पतालमा तीन बेडको आइसीयु र १७ वटा भेन्टिलेटर छन्। अस्पतालमा अहिलेसम्म नाक, कान, घाँटी, छाला तथा यौन रोगका विशेषज्ञ आएकै छैनन् भने प्याथोलोजिष्टको काम ल्याब टेक्निसियनले गर्दै आएका छन्।

अस्पताल विकास समितिका अध्यक्ष सोमनाथ पोर्तेल सकेसम्म दरबन्दी अनुसारका विशेषज्ञ लूयाउने प्रयास गरिरहेको बताउँछन्। दरबन्दीमा आएका चिकित्सक पनि आकर्षक कमाई नहुने बुझेपछि केही समय बसेर अन्यत्रै जाने गरेको उनको भनाइ छ।

# प्रदेश १ मा ८८५ संक्रमित थपिए

विराटनगर, २७ साउन (हाम्रोमत)- प्रदेश १ मा पछिल्लो २४ घण्टामा ८८५ जनामा कोरोना संक्रमण देखिएको छ। १ हजार ५४२ जनाको पीसीआर परीक्षण गर्दा ४९१ र १ हजार ४८६ जनाको एन्टिजेन परीक्षण गर्दा ३९४ जनामा संक्रमण देखिएको सामाजिक विकास मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार पीसीआर परीक्षणका आधारमा झापामा २२६, मोरङमा १३६, सुनसरीमा ७३, धनकुटामा १४, इलाममा ९, तेह्रथुममा ६, उदयपुरमा ३, पाँचथर, ताप्लेजुङ, ओखलढुङ्गा, संखुवासभा, खोटाङ र भोजपुरमा १-१ र प्रदेश १ बाहिरका १८ जनामा संक्रमण देखिएको छ।

झापाको दमकमा ६७, विर्तामोडमा ५०, अर्जुनधारामा १८, भद्रपुरमा १७, बाह्रदशीमा १५, कनकाईमा १४, मेचीनगरमा १३, शिवसताक्षीमा १२, बुद्धशान्तिमा ७, कमल गाउँपालिकामा ६, गौरादहमा ३, हल्दिबारी र झापा गाउँपालिकामा १-१ र स्थानीय तह नखुलेका २ जनामाा संक्रमण देखिएको छ। यस्तै, मोरङको विराटनगरमा ५५, बेलबारीमा ३६, उर्लाबारी र सुन्दरहरैचामा ११-११, पथरीशनिश्चरेमा ७, कानेपोखरीमा ३, लेटाङमा २, मिक्लाजुङ, जहदा, ग्रामथान, धनपालथान, केराबारी, रतुवामाई र कटहरीमा १-१ र स्थानीय तह नखुलेका ४, सुनसरीको धरानमा ३३, इटहरीमा ३०, इनरुवामा ५, बराहक्षेत्र, दुहवी र गढीमा १-१ र स्थानीय तह नखुलेका २ जनामा संक्रमण देखिएको छ।

उता, धनकुटाको धनकुटा नगरपालिकामा १३ र पाख्रिबासमा १, इलामको चुलाचुलीमा ३, माईजोगमाईमा २, फाकफोकथुम, इलाम नगरपालिका, माई नगरपालिका र स्थानीय तह नखुलेका १-१, तेह्रथुमको म्याङलुङमा ५ र लालीगुराँसमा १, उदयपुरको त्रियुगामा २ र बेलकामा १, पाँचथरको फिदिममा १, ताप्लेजुङको फालेलुङमा १, ओखलढुङ्गामा १, संखुवासभामा १, खोटाङमा १, भोजपुरको पौवादुङ्मामा १ र प्रदेश १ बाहिरका १८ जनामा संक्रमण देखिएको मन्त्रालयले जनाएको छ। प्रदेश १ मा बुधबार ५४२ जना कोरोना संक्रमणमुक्त भएका छन्। पछिल्लो २४ घण्टामा कोरोना संक्रमणबाट १४ जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा ४ महिला र १० पुरुष रहेको सामाजिक विकास मन्त्रालयले जनाएको छ।

# स्काइ वाक बनाउन 'निफ्रा'ले लगानी गर्ने

♦ हाम्रोमत संवाददाता

*धरान, २७ साउन*

सुनसरी र धनकुटाको सिमानामा पर्ने भेडेटारमा स्काइ वाक बनाउन नेपाल इन्फ्रास्ट्रकचर बैङ्क लिमिटेड (निफ्रा)ले ऋण लगानी गर्ने भएको छ।

वन्डर्स ग्रुपले निर्माण गर्न लागेको 'स्काइ वाक टावर' परियोजनामा निफ्राले लगानी गर्ने सम्झौता भएको परियोजनाका अध्यक्ष आकर्षण पोखरेलले बताए।

बैङ्कका प्रमुख कार्यकारी अधिकृत रामकृष्ण खतिवडा र परियोजना अध्यक्ष पोखरेलबीच लगानी सम्झौतामा हस्ताक्षर भएको छ। काठमडौको कमलादी र भेडेटारमा बन्न लागेका दुबै परियोजनाको लागि निफ्राले ६७ करोड ५० लाख ऋण लगानी गर्नेछ।

वन्डर्स ग्रुपले काठमाडौमा निर्माण गर्ने भनिएको स्काई वाकमा जम्मा १ अर्ब लगानी हुने भएको छ। ७८ मिटर उचाइको टावरमा रेस्टुरेन्ट, योगशाला लगायत मनोरम वातावरण अवलोकनको व्यवस्था हुनेछ।

सोही ग्रुप अन्तर्गत वन्डर्स एम्युजमेन्ट पार्क एण्ड अट्राक्सन प्रालिले भेडेटारमा निर्माण अगाडि बढाएको परियोजनामा २० करोड लगानी हुने अनुमान गरिएको छ। सार्वजनिक निजी साझेदारी अवधारणा अनुरूप निर्माण हुन लागेको परियोजनाले प्रदेश १ को पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने पोखरेलको विश्वास छ।

नेपालकै पहिलो र नमुना परियोजना भएकोले पर्यटन क्षेत्रमा कोशेढुङ्गा साबित हुने लगानीकर्ता सुनिल भुसालले बताए। सिसामा हिँडेर मनोरम वातावरणको अवलोकन गर्न पाउनु पर्यटकको लागि नयाँ अवसर हुने उनको भनाइ छ। भेडेटार आफैमा पर्यटकीय क्षेत्र पनि भएकाले यस परियोजनाले झनै सुनमा सुगन्ध थप्ने विश्वास गरिएको छ। परियोजनाको कारण पूर्वी नेपालका मात्र नभएर भारतको विहार र सिक्किमका पर्यटकको आगमन बढ्नेछन्।







पूर्वेली जनसञ्चार सहकारी संस्था लि.द्वारा प्रकाशित। कार्यवाहक अध्यक्षः प्रभात घिमिरे प्रधान सम्पादकः विवेक गौतम, कार्यकारी सम्पादक : गोकुल पराजुली, सम्पादक/प्रबन्धकः अर्जुनकुमार आचार्य
हाम्रोमत दैनिकको कार्यालयः विराटनगर-९, ट्राफिक चोक, मोरङ। फोन नं. ०२१-५१२७९०, email: hamromat@gmail.com, janabidrohadaily@gmail.com, मुद्रकः पिजिएस ग्राफिक्स, विराटनगर